saalt
SOUTH ASIAN AMERICANS LEADING TOGETHER
630 Carroll Avenue, Suite 506 | Takoma Park, MD 20912
Phone: 301.270.1655 | Fax: 301.270.1882 | info@saalt.org | www.saalt.org

# इमिग्रेसन राहतका लागि तयारी : जनवरी २०१५

राष्ट्रपति ओवामाको हालै नोभेम्बर २०१४ मा इमिग्रेसन सम्बन्धमा भएको कार्यकारी नीतिको घोषणाले दक्षिण एसियाली समुदायका हजारौं मानिसहरु डिपोर्टेसन हुनबाट जोगिन, परिवारका सदस्यहरुसंग सगैं रहन, काम गर्ने अधिकारका सुविधा पाउनका लागि एक भएका छन् । बाबुआमाले लिनुपर्ने जिम्मेवारीका लागि डिपोर्टेसनमा स्थगन (DAPA) कार्यक्रम, बाल्यकालमा नै अमेरिकामा आएका आप्रवासी योग्य युवाहरुका लागि डिपोर्टेसन स्थगन कार्यक्रम (DACA) मा विस्तार, इमिग्रेसन कार्यन्वयनका क्षेत्रहरुको प्राथमिकताहरुमा संशोधन र अपराधी कामबाट पीडित भएका आप्रवासीहरु र अमेरिकाका उद्योग क्षेत्रमा काम गर्ने उच्च दक्षता भएका कामदारहरुलाई नयां कार्यकारी नीतिले सहयोगको विस्तार सिर्जना गरेको छ । पिउ अनुसन्धान केन्द्र को अनुमान अनुसार इण्डिया एक्लैले चौथो ठूलो संख्यामा अनडकुमेन्टेड आप्रवासीहरु अमेरिकामा पठाउंछ । ४५०,००० (चार लाख पचास हजार) को चानचुन ४०% प्रतिशत भन्दा बढी भारतीय हरु यी नयां कार्यकमहरुका लागि योग्य छन् भन्ने विश्वास गरिएको छ, त्यस्तै बंगलादेश, पाकिस्तान, नेपाल, र अन्य दक्षिण एसियाली देशहरुबाट आएका मानिसहरु पनि यी कार्यक्रमहरुमा संभवत योग्य छन् । अमेरिकाभरि रहेका दक्षिण एसियाली आप्रवासीहरुका लागि DAPA र DACA कार्यक्रमहरु महत्वपूर्ण विकल्पहरु हुन् र हाम्रो समुदायले यसका अधिकार र सुरक्षाहरु पाउन् भनी निश्चित गर्नु अति नै आवश्यक छ । यद्यपि यी नयां कार्यक्रमहरु कहिलेदेखि शुरु गर्ने भन्ने बारेमा सरकारले मिति तोक्न बांकी नै छ तापनि यस सम्बन्धमा हामीसंग निम्न जानकारीहरु उपलब्ध छन् । यी कार्यक्रमका बारेमा नयां जानकारी र शुरु हुने मितिहरुको जानकारी लिन www.saalt.org वेवसाइट अथवा http://www.uscis.gov/immigrationaction वेवसाइट हेर्नुहोस् ।

**को को योग्य छन् ?** (थप जानकारीका लागि वेवसाइट https://nilc.org/relief.html हेर्नुहोस्)

DAPA र DACA का लागि निवेदन दिने व्यक्तिहरु तीन वर्षका लागि काम गर्ने अनुमति पाउने निवेदन दिनका लागि पनि योग्य हुन्छन । २०१५ को मे महिना पछि मात्र DAPA को निवेदन दिने प्रक्रिया शुरु होला भन्ने आशा गरिएको छ ।

– उनीहरुले दिएको निवेदन स्वीकृत भएको खण्डमा २०१४को नोभेम्बर २४ वा त्यो भन्दा पछि DAPA वा DACA को नवीकरण गर्नका लागि निवेदन दिने व्यक्तिहरुलाई तीन वर्षको काम गर्ने अनुमति र DACA को समयसीमा थप दिइनेछ ।

## बाल्यकालमा नै आएकाहरुलाई डिपोर्टेसन स्थगन कार्यक्रम (DACA)

DACA का लागि अहिल्यै योग्य हुन, तपाईंले निम्न कुराहरु पूरा गरेको हुनै पर्छ :

– उमेर १६ वर्षको हुनुभन्दा पहिले नै अमेरिका आइसकेको हुनुपर्छ ।
– अमेरिकामा जुन १५, २००७ सालदेखि लगातार रुपमा बसेको र जुन १५, २०१२ को मितिमा अमेरिकामा नै उपस्थित भएको हुनुपर्छ ।
– हाल स्कूल पढ्दै गरेको, अमेरिकाको हाइ स्कूल पास गरेको, हाइ स्कूल सरहको शिक्षाको प्रमाण पत्र (GED) भएको, वा अमेरिकाको कोस्ट गार्ड वा सशस्त्र बलमा काम गरी सम्मान पूर्वक अवकास पाएको भेटरान भएको हुनुपर्छ ।
– एक वर्ष भन्दा बढी जेल सजायं हुने खालका गंभीर किसिमका अपराधमा दोषी नभएको, गंभीर किसिमको खराव काम गरेको, वा "राष्ट्रिय सुरक्षा वा सार्वजनिक सुरक्षामा खतरा उत्पन्न गर्ने" खालको नभएको ।
– ३० वर्षभन्दा बढी उमेरको नभएको ।

## बाल्यकालमा नै आएकाहरुलाई डिपोर्टेसन स्थगन कार्यक्रम बढाइएको (DACA)

नयां विस्तारित DACA कार्यक्रम अन्तर्गतका निवेदनहरु फेब्रुअरी २०१५ देखि प्रक्रियामा लगिएला भन्ने आशा गरिएको छ । यो कार्यक्रममा योग्य हुनका लागि तपाईंले निम्न कुराहरु पूरा गरेको हुनै पर्छ :

– उमेर १६ वर्षको हुनुभन्दा पहिले नै अमेरिका आइसकेको हुनुपर्छ ।
– अमेरिकामा जनवरी १, २०१० साल वा सोभन्दा अघिदेखि लगातार रुपमा बसेको हुनुपर्छ ।
– हाल स्कूल पढ्दै गरेको, अमेरिकामा उच्च शिक्षा दिने अध्ययन संस्थानहरुमा भर्ना भएको, हाइ स्कूल पास गरेको, हाइ स्कूल सरहको शिक्षाको प्रमाण पत्र (GED) भएको, वा अमेरिकाको कोस्ट गार्ड वा सशस्त्र बलमा काम गरी सम्मान पूर्वक अवकास पाएको भेटरान भएको हुनुपर्छ ।
– एक वर्ष भन्दा बढी जेल सजायं हुने खालका गंभीर किसिमका अपराधमा दोषी नभएको, गंभीर किसिमको खराव काम गरेको, वा राष्ट्रिय सुरक्षा वा "सार्वजनिक सुरक्षामा खतरा उत्पन्न गर्ने" खालको नभएको ।

**संभनुहोस कि**: विस्तारित DACA कार्यक्रम अन्तर्गत निवेदनहरु दिन कुनै उमेरको हद तोकिएको छैन ।

## बाबुआमाले लिनुपर्ने जिम्मेवारीका लागि डिपोर्टेसनमा स्थगन (DAPA) कार्यक्रम

**तपाईंले DAPA का लागि अहिल्यै योग्य हुन निम्न कुराहरु पूरा गरेको हुनै पर्छ :**

– नोभेम्बर २०, २०१४ भित्रमा अमेरिकाको नागरिकता भएका वा कानुनी रुपमा स्थायी बसोबास (LPR) भएको छोरा वा छोरी भएका बाबुआमा ।
– अमेरिकामा जनवरी १, २०१० साल वा सोभन्दा अघिदेखि लगातार रुपमा बसेको हुनुपर्छ ।
– नोभेम्बर २०, २०१४ भित्रमा अमेरिकामा नै रहेको हुनुका साथै DAPA कार्यक्रम अन्तर्गत डिपोर्टेसन स्थगनको निवेदन उपर बिचार गर्न अनुरोध गर्ने समयमा पनि अमेरिकामा नै रहेको हुनुपर्छ ।
– नोभेम्बर २०, २०१४ भित्रमा आप्रवासी कानुनी हैसियत नभएको हुनुपर्छ ।
– डिपार्टमेन्ट अफ् होमल्याण्ड सेक्युरिटीको कार्यान्वयनको प्राथमिकता क्षेत्रको सूचिमा नपरेको हुनुपर्छ । (थप जानकारीका लागि तल हेर्नुहोस् ।)
– यो कार्यक्रम अन्तर्गतको हैसियत प्राप्त गर्नमा तपाईंलाई अयोग्य बनाउने खालका अन्य कारणहरु नभएको हुनुपर्छ ।

## DAPA का लागि कसरी तयारी गर्ने :

– निवेदन दिंदा लाग्ने शुल्क तिर्नका लागि पैसा जोगाउनुहोस् (अहिले ४६५ डलर लाग्छ) ।
– आफ्नो परिचय खुल्ने प्रमाण राख्नुहोस्, जस्तै आफ्नो देशको पासपोर्ट वा फोटो सहितको जन्मदर्ताको प्रमाण पत्र
– अमेरिकन नागरिक वा अमेरिकामा स्थायी बसोवास भएका व्यक्तिसंगको तपाईंको नाता खुल्ने प्रमाण पत्र
– तपाईं अमेरिकामा कति लामो समयदेखि रहनु भएको छ भन्ने कुरा खुलाउने प्रमाण
– तपाईंले अपराधी दोषी सावित केसमा सजायं पाउनु भएको छ भने त्यो सजायलाई मेटाउन, हटाउन वा संशोधन गर्न सक्नुहुन्छ कि भनेर कुनै वकीलसंग सल्लाह गर्नुहोस् ।
– यदी तपाईंका विरुद्ध पहिल्यै डिपोर्टेसन वा देश वाहिर पठाउने आदेश भएको छ भने सो सम्बन्धमा कुनै वकील वा इमिग्रेसन केसमा अपिल सुन्ने बोर्ड (BIA) बाट मान्यता प्राप्त प्रतिनिधिसंग सल्लाह गर्नुहोस् ।

## DACA र DAPA कार्यक्रममा निवेदन दिनका लागि :

– DACA मा निवेदन दिन वा DACA लाई नवीकरण गर्नका लागि www.uscis.gov/childhoodarrivals वेवसाइट हेर्नुहोस् ।
– शुल्क छुट हुने अवस्था बाहेक DACA मा निवेदन दिनका लागि अहिले $४६५ डलर लाग्छ ।
– अमेरिकन नागरिकता र इमिग्रेसन सर्विस (USCIS) ले विस्तारित DACA कार्यक्रम अन्तर्गत फेब्रुअरी २०१५ मा र DAPA अन्तर्गतको निवेदन मे २०१५ मा निवेदन लिन शुरु गर्ने अपेक्षा गरिएको छ ।
– कहिलेदेखि वास्तवमा यो कार्यक्रमको शुरु हुन्छ भन्ने निश्चित गर्नका लागि www.uscis.gov वेवसाइट वेला वेलामा हेरिरहनु होला ।

**२०१५ को शुरुवातसंगै भिषामा हुने परिवर्तन**

ग्रिन कार्ड पर्खिरहेका उच्च–दक्षतायुक्त कामदारहरुका भिषाहरुमा काममा व्यापक लचिलो, अनि सजिलै काम फेर्न र विभिन्न ठाउंमा गएर काम गर्न सकिने कुराहरु समावेश गरिने अपेक्षा गरिएको छ। ग्रिन कार्ड पर्खिरहेका उच्च दक्षतायुक्त कामदारहरुका श्रीमान/श्रीमतीहरुले काम गर्ने अनुमति पाउनका लागि केही सीमित विकल्पहरुमा निवेदन दिन पाउने कुराको अपेक्षा गर्न सकिन्छ। थप जानकारीका लागि कृपया राष्टपतिको फ्याक्ट शिट हेर्नुहुन अनुरोध छ।
**U र T भिषाहरु :** यु.एस. डिपार्टमेन्ट अफ लेवर वेज एण्ड आवर डिभिजन (WHD) ले तीन खालका नयां आपराधहरु थप गर्ने छ जसबाट पीडित भएकाहरुले **U** भिषा माग गर्नका लागि आधारका रुपमा प्रयोग गर्न सक्ने छन्, जुन आधारहरुमा धम्की वा दवावले पैसा असुल्ने (फिरौती) (एक्सटोर्सन) बाट भएका पीडितहरु, जवर्जस्ती काममा लगाइएका पीडितहरु, ठगीपूर्ण तरीकाले कन्ट्र्याक्टमा ल्याइएका बाहिरी देशका पीडित कामदारहरु पर्दछन्। WHD ले काम गर्ने ठाउंको अनुसन्धानका क्रममा मानव तस्करीमा परेको भन्ने थाहा लागेमा त्यस्ता व्यक्तिहरुलाई WHD ले **T** भिषाको निवेदन पूरा गरिदिने छ। यस सम्बन्धमा थप जानकारीका लागि कृपया डिपार्टमेन्ट अफ लेवरको फ्याक्ट शिट हेर्नुहोला।

**थुनामा राख्ने र डिपोर्टेसन गर्ने कार्यमा प्राथमिकता अनि सुरक्षित समुदाय (डिपोर्टेसन कार्यक्रम) को प्रतिस्थापन**
राष्ट्रपतिले डिपोर्टेसनका सम्बन्धमा तीनवटा नयां वर्गहरुको प्राथमिकता निर्धारण गरेका छन्। प्राथमिकता १ ले राष्ट्रिय सुरक्षा खतरा, सीमा सुरक्षा र सार्वजनिक सुरक्षालाई समेटेको छ ; प्राथमिकता २ ले जो सामान्य किसिमको अपराधमा दोषी भएका र हालै बिना अनुमति अमेरिका प्रवेश गर्ने प्रयत्न गरेर अध्यागमनको उलंघन गरेकाहरुलाई समेटेको छ ; र तेश्रो प्राथमिकतामा अन्य किसिमले अध्यागमनको उलंघन गरेकाहरुलाई समेटेको छ। यी तीन तहका पद्तिले डिपार्टमेन्ट अफ होमल्याण्ड सेक्युरिटी (DHS) लाई अनडकुमेन्टेड आप्रवासी व्यक्तिलाई कारवाही गर्ने वा नगर्ने सम्बन्धमा व्यापक स्वैच्छिक अधिकार दिएको छ।
प्राथमिकता कार्यान्वयन कार्यक्रम (PEP) ले सुरक्षित समुदाय (डिपोर्टेसन कार्यक्रम) लाई प्रतिस्थापन गर्नेछ। इमिग्रेसन एण्ड कस्टम इन्फोर्समेन्ट (ICE) लाई यी परिवर्तनहरु गर्नका लागि सुझावहरु दिइएको छ तर समयसीमा भने निर्धारण गरिएको छैन। कृपया के याद गर्नुहोस् भने डिपोर्टेसन गर्नुपर्नाका कारणहरुलाई पूरै मेटेर हैन कि पुन: प्राथमिकीकरण गरेर PEP ले सुरक्षित समुदाय (डिपोर्टेसन कार्यक्रम) लाई प्रतिस्थापन गर्नेछ। तर PEP ले जस्तै दफा 287(g) वा क्रिमिनल एलियन कार्यक्रमहरुलाई प्रतिस्थापन गर्ने छैन। PEP कार्यक्रम अन्तर्गत राज्य र स्थानीय सुरक्षा निकायले कुनै पनि व्यक्तिलाई नियन्त्रणमा लिन्छ, तब सो व्यक्ति सम्बन्धी सूचना पाउन ICE (इमिग्रेसन एण्ड कस्टम इन्फोर्समेन्ट) ले अझै पनि औंला छापमा आधारित बायोमेट्रिक सूचनामा भर पर्छ; तर DHS अनुसार सो व्यक्ति प्राथमिकता १ र प्राथमिकता २ मा तोकिएका निश्चित बुंदाहरुमा पर्ने अपराधहरुमा दोषी भएकामा मात्र ICE ले त्यस्ता अनडकुमेन्टेड व्यक्तिलाई डिपोर्टेसनमा सार्नुपर्छ। PEP ले सुरक्षित समुदाय (डिपोर्टेसन कार्यक्रम) लाई प्रतिस्थापन गरे तापनि डिर्पोटेसन हुनेको संख्यामा उल्लेख्य रुपमा कमी आउछ भन्ने कुरा अझै प्रष्ट भएको छैन।

**संघीय स्वास्थ्य तथा आर्थिक सहायता कार्यक्रमहरु**
DACA र DAPA अन्तर्गत यस्ता व्यक्तिहरुलाई एफोर्डेबल केयर एक्ट ले दिएका स्वास्थ्य सुविधा अथवा संघीय सहायता कार्यक्रम, SNAP (रासन सुविधा), TANF (अस्थायी सुविधाहरु), सरकारी उपलब्ध घरहरुमा अनुदान (उदाहरणका लागि दफा ८) उपभोग गर्नमा पहुंच हुनेछैन। DACA र DAPA पाउने व्यक्तिहरुले काम गरेको १० वर्ष पुगेको, ट्याक्सहरु तिरेको र ६६ वर्षको उमेर पुगेपछि सोसियल सेक्युरिटी रिटायरमेन्ट बेनिफिटहरु र स्वास्थ्य बिमाको सुविधाहरु पाउन योग्य हुनेछन्। थप जानकारीका लागि, कृपया www.nilc.org वेवसाइट हेर्नुहोला।

**तपाईंका अधिकारहरु थाहा पाउनुहोस् र शोषण हुनबाट आंफै सुरक्षित हुनुहोस्**
नोटरी पब्लिक (कागज प्रमाणित गर्ने मानिस) र इमिग्रेसन सम्बन्धी परामर्शदाताको रुपमा सहयोग गर्छु भनेर दावी गर्ने मानिसहरुसंग सजग रहनुहोस। इमिग्रेसनको क्षेत्रमा काम गर्ने योग्य र दक्ष वकिलसंग सम्पर्क गर्न कोशिस गर्नुहोस् अथवा इमिग्रेसनमा अपील गर्ने बोर्ड BIA ले मान्यता दिएका प्रतिनिधिहरुसंग बाट सहयोग लिनुहोस्। आइअमेरिका र अमेरिकन इमिग्रेसन लयर्स एसोसिएसन को डाटाबेसमा गएर तपाईंले वकील पत्तालगाउन सक्नुहुन्छ।

**थप स्रोतहरु**
थप सहायता र स्रोतहरुका लागि कृपया तलका संस्थाहरुमा संपर्क गर्नुहोस् :-

Adhikaar (अधिकार) फोन नं. 718-937-1117, ठेगाना – 71-07 Woodside Avenue, Woodside, NY 11377 adhikaar.org/
American Immigration Lawyers Association | aila.org
Asian American Legal Defense and Education Fund | aaldef.org
iAmerica.org
National Immigration Law Center | nilc.org
Own the Dream | weownthedream.org
South Asian Americans Leading Together | saalt.org
United States Citizenship and Immigration Services (USCIS) | uscis.gov
United We Dream | unitedwedream.org

*January 9, 2015 version


STORYBASE